श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (दोस्रो संशोधन) नियमावली, २०४२

लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (दोस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ को नियम ५ मा संशोधनः लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,—

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः—

(क) राजपत्राङ्कित तृतीय श्रेणीको लागि स्वीकृत शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातक गरेको ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः—

(ख) राजपत्रअनङ्कित प्रथम श्रेणीको लागि स्वीकृत शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापनमा प्रमाणपत्र तह उत्तीर्ण भएको ।

३. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः—

"६. सरूवाः (१) शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले महालेखा नियन्त्रकको सिफारिशमा लेखा समूहका कुनै कर्मचारीलाई नेपाल प्रशासन सेवाको अन्य समूह वा पदमा सरूवा गर्न वा नेपाल प्रशासन सेवाको अन्य समूह वा पदबाट लेखा समूहमा सरूवा गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(२) उप–नियम (१) बमोजिम सरुवाको लागि महालेखा नियन्त्रकले सिफारिश गर्दा एक आर्थिक वर्षमा देहायको पदमा देहायबमोजिमको प्रतिशतमा नबढ्ने गरी गर्नु पर्नेछः–

(क) राजपत्राङ्कित द्वितीय श्रेणीमा कुल पद संख्याको पाँच प्रतिशत

(ख) राजपत्राङ्कित तृतीय श्रेणीमा कुल पद संख्याको दुई प्रतिशत

(ग) राजपत्रअनंकित विभिन्न श्रेणीमा श्रेणी अनुसार कुल पद संख्याको एक प्रतिशत ।"

४. मूल नियमावलीमा नियम ६क थपः मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क थपिएको छः–

"६क निवेदन दिन सक्नेः (१) नियम ६ बमोजिम सरुवा हुन चाहने राजपत्राङ्कित कर्मचारीले वर्तमान पदमा पाँच वर्ष र राजपत्र अनंकित कर्मचारीले वर्तमान पदमा तीन वर्षको सेवाको अवधि पूरा गरिसकेको हुनुपर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको सेवा अवधि पूरा गरिसकेका कर्मचारीले महालेखा नियन्त्रकको सिफारिश लिई सेवासम्बन्धी मन्त्रालयमा सरुवाको लागि निवेदन दिन सक्नेछ।

तर देहायको अवधिको वैदेशिक तालीम वा अध्ययनमा गई फर्केका कर्मचारीले देहायबमोजिम काम गर्नुपर्ने अवधि पूरा नगरेसम्म सरुवाको लागि निवेदन दिन पाउने छैनः–

| वैदेशिक तालीम वा अध्ययनको अवधि | काम गर्नुपर्ने अवधि |
|---|---|
| एक महिनादेखि तीन महिनासम्म | एक वर्ष |
| तीन महिनाभन्दा बढी ६ महिनासम्म | डेढ वर्ष |
| छ महिनाभन्दा बढी नौ महिनासम्म | दुइ वर्ष |
| नौ महिनाभन्दा बढी एक वर्षसम्म | अढाइ वर्ष |
| एक वर्षभन्दा बढीको लागि | तीन वर्ष" |

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२२